# एम्नेस्टी इन्टरनेसनल प्रतिवेदन २०१३

*(वार्षिक प्रतिवेदन २०१३ को पेज नं. १९१ देखि १९३ मा समाविष्ट नेपालखण्डको अनौपचारिक नेपाली अनुवाद)*

## नेपाल

### संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल

**राष्ट्रप्रमुख :** **रामवरण यादव**

**सरकारप्रमुख :** **बाबुराम भट्टराई**

**मानवअधिकार उल्लङ्घनको अभियोग लागेका व्यक्तिहरुलाई सरकारद्वारा उच्च सार्वजनिक ओहदामा बढुवा गर्ने, त्यस्ता व्यक्तिहरु माथि लागेका आपराधिक मुद्दाहरु फिर्ता गर्ने र अन्तर्राष्ट्रिय कानुन अनुसार अपराध ठहरिएका कार्य गर्नेलाई समेत आममाफी सिफारिस गर्न सक्ने गरी संक्रमणकालीन न्याय संयन्त्र स्थापना गर्ने प्रयास गर्ने जस्ता कारणले गर्दा नेपालमा दण्डहीनताले थप जरा गाड्यो । संघीयतामा भइरहेको वादविवादले गर्दा देशका कतिपय भूभागमा राजनीतिक हिंसाको अवस्था समेत सिर्जना भयो । गैह्रकानुनी हिरासत, यातना र गैह्रन्यायिक हत्या जस्ता कार्य वर्षभरी नै अभिलेखित भए ।**

## पृष्ठभूमि

चार वर्षसम्म सहमतिबाट काम गर्दै आएको भए पनि कतिपय महत्वपूर्ण विषयमा दलहरु सहमतिमा पुग्न असफल हुँदा नयाँ संविधान बनाउने कार्य नसकिदै मे २७ (१४ जेठ, २०६९) मा संविधानसभा विघटन भयो । संघियताको मोडल कस्तो हुने भन्ने विषय र जातीय अल्पसंख्यक एवं आदिवासी जनताहरुले बढी स्वायत्तता माग गरे पश्चात् राजनीतिक मुठभेडको अवस्था निम्त्याउने गरी विवाद सिर्जना भए । यही कारणले गर्दा दलहरुमा अन्तरपार्टी र आन्तरिक रुपमा नै पनि विभाजन र हिंसात्मक झडपको अवस्था सिर्जना भयो । अक्टोबर (२०६९ असोज) मा सरकारले अन्तरिम संविधान सन् २००७ (विसं. २०६३) र बृहत् शान्ति सम्झौता अनुसार माओवादीका पूर्व लडाकूलाई नेपाली सेनामा समायोजन गर्ने कार्य सम्पन्न भएको घोषणा गर्‍यो । राष्ट्रिय मानवअधिकार आयोगमाथि राज्यको नियन्त्रणलाई बढाउने गरी सरकारले जनवरी (२०६८ माघ) मा ऐन पारित गर्‍यो ।

## संक्रमणकालीन न्याय

पहिलादेखि भनिँदै आएको बेपत्ता पारिएका व्यक्ति छानबीन र सत्य निरुपण तथा मेलमिलाप गरी दुई छुट्टाछुट्टै आयोग बनाउने कुरालाई पन्छाउँदै ती दुवै काम गर्न एउटै आयोग गठन गर्ने गरी मन्त्रिपरिषद्को बैठकद्वारा २८ अगष्ट (२०६९ भदौ १२) मा अध्यादेश प्रस्ताव गरियो । नयाँ आयोगलाई गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा आममाफीकालागि सिफारिस गर्न सक्ने अधिकार दिइएको छ, तर अपराधकर्मको अभियोजनकालागि सिफारिस गर्न सक्ने अधिकार भने दिइएको छैन । यसले अन्तर्राष्ट्रिय कानुनप्रतिको नेपालको कानुनी दायित्वलाई समेत अवज्ञा गर्दछ । नेपालमा विगतमा भएको सशस्त्र द्वन्द्वका क्रममा गरिएकाका अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुन उल्लंघनका बारेमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले अक्टोबर (२०६९ असोज) महिनामा एक प्रतिवेदन

सार्वजनिक गऱ्यो । प्रतिवेदनसँगै आर्काइभमा लगभग ३०,००० सन्दर्भ सामग्री तथा घटना विवरणहरु पनि राखिएका छन् ।

## दण्डहीनता

मानव अधिकार उल्लङ्घनमा संलग्न भनी अभियोग लागेका व्यक्तिहरुलाई सरकारद्वारा उच्च सार्वजनिक पदहरुमा पदोन्नति गरिएबाट मानवअधिकार उल्लंघनका घटनामा जवाफदेहिताको सुनिश्चितता र पीडितहरुको न्याय, सत्य र परिपूरण पाउनुपर्ने कुराको सुनिश्चितताकालागि भएका प्रयत्नहरुलाई गम्भीर तवरले वेवास्ता गरियो ।

सन् २००३ (वि.सं. २०६०) मा धनुषा जिल्लामा ५ जना विद्यार्थीहरुलाई जबर्जस्ती बेपत्ता बनाउने र गैह्रन्यायिक हत्या गर्ने कार्यमा संलग्न भएको आरोपमा फौजदारी अनुसन्धान भइरहेका कुबेर सिंह रानालाई गत सेप्टेम्बर (२०६९ भदौ) महिनामा प्रहरी महानिरीक्षक पदमा बढुवा गरियो ।

युद्ध अपराधमा संलग्न भएको आशंका गरिएका कर्णेल राजु बस्नेतलाई ब्रिगेडियर जनरलमा अक्टोबर (२०६९ असोज) महिनामा बढुवा गरिएकोमा मानवअधिकार अभियन्ताहरुले सर्वत्र विरोध गरे । सर्बोच्च अदालतले सोही महिनामा अन्तरिम आदेश दिएपछि उक्त प्रक्रिया स्थगनमा पऱ्यो ।

बृहत् शान्ति सम्झौता र अन्य सम्झौतामा ‘राजनीतिक प्रकृति’ का मुद्दा फिर्ता लिने भनिएको कुराको हवाला दिँदै सरकारले राजनीतिक पार्टीसँग आवद्ध रहेका व्यक्तिहरु उपर लागेका आपराधिक मुद्दाहरु समेत फिर्ता गर्ने कार्यलाई निरन्तरता दियो । ‘राजनीतिक मद्दा’ भनेर केलाई भन्न खोजिएको भन्ने बारेमा परिभाषा प्रष्ट गरिएको छैन । यस क्रममा हत्या, अपहरण र अन्य गम्भीर अपराधमा संलग्नहरुको मुद्दा समेत फिर्ता गर्न सिफारिस गरियो ।

## आप्रवासी श्रमिकहरुको अधिकार

वैदेशिक रोजगार कम्पनीहरुले शोषण र जबरजस्ती श्रमका लागि आप्रवासी श्रमिकहरुको ओसारपसार गर्ने कार्यलाई निरन्तरता दिए । कम्पनीहरुले सरकारले तोकेको सीमाभन्दा बढी सेवा शुल्क असुल्दा श्रमिकहरु चर्को ब्याजदरमा ठूलो परिमाणमा ऋण लिन वाध्य भए । रोजगारदाताहरुले कामको सेवा र शर्तमा धेरै श्रमिकहरुलाई धोका दिए । नेपालको कानुनको उल्लंघन गर्ने वैदेशिक रोजगार कम्पनीलाई यदाकदा मात्रै दण्डीत गरियो । न्याय सुनिश्चित गर्ने तथा क्षतिपूर्ति दिलाउने संयन्त्रको प्रवर्द्धन अत्यन्त कमजोर रह्यो । यस्ता संयन्त्रहरु केन्द्रमा मात्रै सिमित रहे र श्रमिकहरुलाई तिनमा पहुँच पाउन अप्ठेरो भयो ।

यौन र शारीरिक दुर्व्यवहार सम्बन्धी उजुरीहरुलाई आधार मान्दै सरकारले अगष्ट (साउन) मा ३० वर्ष भन्दा कम उमेरका महिलालाई कुवेत, कतार, साउदी अरेबिया र युनाइटेड अरब इमिरेट्स (युएई) मा घरेलु श्रमिकका रुपमा जान रोक लगायो । यो रोकले महिलाहरु अनौपचारिक मार्गबाट काममा जाने जोखिम बढायो । दुई जना पूर्ववर्ती श्रममन्त्रीलाई भ्रष्टाचारमा संलग्न भएको अभियोगमा प्रधानमन्त्रीले बर्खास्त गर्नुभयो । यसका बावजुद् पनि केही कम्पनीले अवैध गतिविधिका कारण लाइसेन्स गुमाउनु परेको अवस्था बाहेक उनीहरु कानुन भन्दामाथि नै रहँदै आए ।

## यातना र अन्य दुर्व्यवहार

सन् १९९१ मा यातना सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्षराष्ट्र भएर पनि नेपालले आफ्नो राष्ट्रिय कानुनमा यातनालाई अपराधको रुपमा परिभाषित गरेको छैन । अप्रिल (बैशाख) महिनामा मन्त्रिपरिषद्ले यातनालाई फौजदारी अपराध घोषित गर्ने सम्बन्धी विधेयक ल्याउने योजना रहेको बताए पनि त्यो काम संविधानसभा विघटनको बेलासम्म पनि हुन सकेन । जुलाई (असार) महिनामा संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिले नेपाललाई यातनाको परिभाषा गर्न र त्यसलाई अपराध घोषणा गर्न पुनःस्मरण गरायो । त्यसैगरी बेपत्ता र यातना सम्बन्धी अपराधमा संलग्नहरुलाई दण्डहीनताको अवस्थामा छोड्ने सम्बन्धी सबै कानुन खारेज गर्न पनि समितिले आग्रह गऱ्यो । प्रहरी हिरासतमा पुरुष, महिला र बालबालिकाहरुमाथि यातना तथा अन्य दुर्व्यवहार व्यापक रुपमा कायम रहे । संयुक्त राष्ट्रसंघको यातना विरुद्धको समितिले आफ्नो प्रतिवेदनमा नेपालमा यातना दैनिकी जस्तै रहेको र यो व्यापक तवरले, जानाजानी र व्यवस्थित ढंगबाट दिइने गरेको कुरा उल्लेख गऱ्यो ।

## तराई क्षेत्रमा मानवअधिकार हनन्

तराई क्षेत्रमा सशस्त्र समूहहरुको गतिविधि घट्दो मात्रामा अभिलेखित भएपनि विगतको हिंसाको जवाफदेहिताको अभाव र लामो समयदेखि भइरहेको दण्डहीनताको संस्कृतिका कारण नेपालका सशस्त्र प्रहरी, नेपाल प्रहरी र सशस्त्र समूहहरुबाट मानवअधिकार उल्लङ्घन र ज्यादती निरन्तर रुपमा गरिए । त्यस्ता मानवअधिकार हनन्मा गैह्रकानुनी थुना, यातना र गैह्रन्यायिक हत्या जस्ता गतिविधि भए । उच्च तहको असुरक्षा तथा दमनका कारण त्यस क्षेत्रका पीडित र मानवअधिकार रक्षकहरुलाई समेत न्यायको पहुँचमा उल्लेख्य बाधा देखा पर्‍यो ।

## भेदभाव

जात, जातियता, धार्मिक, लैंगिक, आर्थिक अवस्था र अपांगता जस्ता विषयमा आधारित विभेद विद्यमान रहेको छ । अक्टोबर (कार्तिक) महिनामा दैलेख जिल्लाका दलित भीमबहादुरमाथि उच्च जातको ढोका छोएको आरोपमा सिकल लगायतका हतियार प्रयोग हुँदा उनी गम्भीर घाइते भएर अस्पताल भर्ना गरिए । ग्रामीण क्षेत्रका दलित तथा गरीब महिला र किशोरीहरु न्याय, शिक्षा र स्वास्थ्य उपचारमा पहुँचकालागि भेदभाव भोग्न बाध्य रहे ।

## मातृ स्वास्थ्य

गरिबी, लैंगिक विभेद, कुपोषण, तालिमप्राप्त प्रजनन् सहायताकर्मी तथा आपतकालिन प्रसुती सेवा, गर्भवती भएको बेलामा र सुत्केरी भएपछिको कामको चाप आदिले गर्दा नेपालमा ठूलो संख्यामा पाठेघर खस्ने समस्या देखियो । करिब ६ लाख महिलाहरु यो समस्याबाट पीडित रहेका छन् र उनीहरु मध्ये २ लाख जनालाई तत्कालै शल्यक्रियाको जरुरत रहेको छ । सरकारले पाठेघर खस्ने सम्बन्धी उपचारकोलागि सर्जिकल क्याम्पको पनि व्यवस्था गर्ने गरेको छ । यद्यपि धेरै महिलाहरु सो बारेमा जानकार छैनन् । नेपालले यसबाट जोगिनकालागि खासै प्रयास गरेन । शल्यक्रियाको विकल्प वा शल्यक्रिया गरिएकाहरुको अवस्थाको अनुगमन तर्फ पनि ध्यान दिइएन । प्रतिवेदनहरुका अनुसार सन् २००८ र २०११ को बीचमा २४ हजार ४ सय ९८ जना महिलाको शल्यक्रिया भएको छ । यद्यपि ती महिलाहरुमध्ये धेरैको पछिल्लो स्वास्थ्य अवस्था कस्तो रह्यो भन्ने खासै जानकारी छैन ।

समाप्त